"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

DHARAN SUB-METROPOLITAN CITY

OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-  ............................. महाशाखा / शाखा / उपशाखा

चलानी नं. :- ८२३८

## अपिल

सहकारी ऐन, २०७५ को दफा-५ बमोजिम दर्ता भई धरान उपमहानगरपालिका कार्यक्षेत्र रहेका सहकारी संस्थाहरु हस्तान्तरण भई आएका सहकारी संस्थाहरुको स्थानिय तहबाटै नियमन, अनुगमन गर्नुपर्ने हुँदा धरान उपमहानगरपालिकाले धरान सहकारी ऐन, २०७५ तर्जुमा गरी लागु समेत गरेको छ। धरान उपमहानगरपालिकाको नियमन, अनुगमनको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको विकास, प्रवर्द्ध, उन्नयन गर्ने कार्यलाई सहयोग गर्नु नगरपालिकाको दायित्व तथा कर्तव्य पनि हो।

सहकारी संस्था सञ्चालनका क्रममा सहकरी संस्थाहरुले पालना गर्नुपर्ने सहकारीका सिद्धान्तहरु, मूल्य मान्यताहरु अन्तर्गतका आधारभूत मान्यता र नैतिक मूल्य-मान्यताहरुलाई पालना गर्ने गराउने दायित्व संस्थामा आवद्ध सम्पूर्ण सेयर सदस्य र समितिका पदाधिकारीहरुकै प्रमुख दायित्व तथा कर्तव्य रहन्छ। धरान उपमहानगरपालिका कार्यक्षेत्र रहेका केही सहकारीहरुको सम्बन्धमा निक्षेपकर्ताको रकम हिनामिना हुने गरेको, समयमै बचत रकम फिर्ता नगरेको, सहकारी संस्थाहरुले जथाभावी बचत संकलक (कलेक्टर) नियुक्ति गरी सहकरीको बचत खाता (पास बुक) को अनुचित प्रयोग गरी गैर शेयर सदस्यहरुबाट समेत दैनिक, साप्ताहिक, मासिक बचत संकलन गर्ने गराउने कार्य भई रहेको, सहकारी संस्थाको कार्यालय दैनिक रुपमा सञ्चालन नगरी आर्थिक कारोबार गरेको, सहकारी संस्थाहरुले सहकारी ऐन तथा नियमावलीमा भएका कानूनी व्यवस्था अनुसारको प्रक्रियाहरु पालना गर्ने नगरेको जस्ता गुनासाहरु व्याप्त रहेको सर्वविविधै छ।

माथि उल्लेखित गुनासा र बचत कर्ताहरुको निवेदनहरुमा नगर प्रमुखका हैसियतले यस्ता विषयहरुमा ध्यानाकर्षण भएकाले नगरवासिहरुमा सहकारी शेयर सदस्य रहँदा र सम्बन्धित सहकरीमा शेयर सदस्यले बचत गर्दा सम्बन्धित सहकरीको गतिविधि, पारदर्शिता, प्रतिष्ठाका बारेमा सुसुचित भएर मात्र सदस्यता लिनु हुन र बचत गर्न गराउन तथा आफू शेयर सदस्य नरहेको सहकारी संस्थामा बचत नगर्न नगराउनु हुनु सम्पूर्ण नगरवासीहरुमा जानकारी गराउँदछु। साथै यस कार्यालमा परेका गुनासा तथा उजुरीहरुलाई समाधानका लागि कार्यालयबाट सम्बन्धित सरोकारवाला सहकारीहरुलाई पत्राचार भै सकेको हुँदा समस्याहरु समाधान गर्न यसै अपिल मार्फत अनुरोध छ। अन्यथा उपमहानगरपालिकाको सहकारी ऐन, २०७५ र मौजुदा कानूनी व्यवस्था अनुसारको कारवाही गरीने समेत अनुरोध गर्दछु।

.............................................

हर्कराज राई (नगर प्रमुख)

हर्कराज राई

नगर प्रमुख